## जिल्ला विकास समितिको कार्यालय, धादिङ

४७. **नगद दाखिला** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ३५.(२) अनुसार जिल्ला विकास समितिमा सेवा शुल्क बापत प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम १५ दिन भन्दा ढिलो गरी दाखिला गरेको अवस्थामा २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही समेत गर्नुपर्ने व्यवस्था छ । २०६२ श्रावणमा ३ ठेली रसिदबाट असुल भएको रु.९२ हजार २०६२ कार्तिकमा दाखिला भएकोमा कानुनबमोजिम रु.२३ हजार जरिवाना र विभागीय कारबाही गरेको छैन ।

४८. **अख्तियारी** – आर्थिक प्रशासन नियमावली, २०५६ को नियम २४(३) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाईसक्नुपर्ने व्यवस्था रहेकोमा बजेट उप–शीर्षक नम्बर ६९।४।८०० विकास अनुदानतर्फ २०६३।३।१ मा रु.३० लाख र २०६३।३।२५ मा रु.७ लाख ५० हजारको अख्तियारी समेत गरी कुल रु.९९ लाख ३६ हजारको अख्तियारी पठाएको छ । प्रथम चौमासिकमा नै योजनाको ठेक्कापट्टा सम्पन्न गरी दोस्रो चौमासिकबाट कार्य शुरु गर्नुपर्नेमा आर्थिक वर्षको अन्तिम समयमा पठाएको अख्तियारीबाट सम्बन्धित आर्थिक वर्षमा कार्यसम्पन्न गर्ने स्थिति नदेखिएकोले ढिलो गरी अख्तियारी दिनु उचित देखिएन ।

४९. **गाडी मर्मत** – यो वर्ष गाडी मर्मतमा रु.१७ लाख ९८ हजार खर्च गरेको छ । उक्त खर्चमध्ये बा.१फ ५८६३ को मर्मतमा मात्र रु.१२ लाख ३६ हजार खर्च भएको देखियो । यसरी पुरानो गाडी मर्मतको लागि ठूलो रकम खर्च गर्नु उपयुक्त देखिएन ।

५०. **मोवाइल सेट** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १२३ अनुसार सभापति र स्थानीय विकास अधिकारीबाट क्रमश: रु.१५ हजार र रु.११ हजार मूल्यका मोवाइल सेट फिर्ता नलिएको र त्यस सम्बन्धमा बर बुझारथ नभएकोले सोको मूल्य असुल गर्नुपर्दछ ।

५१. **निर्माण सामग्री खर्च** – तत्कालीन सदस्यहरुको सिफारिसमा विभिन्न गाउं विकास समितिलाई जस्तापाता, पोलिथिन पाइप, सिमेन्ट आदि निर्माण सामग्री खरिद बापत पटक पटकको बिलको आधारमा रु.१६ लाख ४८ हजार खर्च लेखेको छ । त्यसरी उपलब्ध गराईएका सामग्रीको प्रयोग, प्राविधिक जाँच र नापी गरेको छैन ।